# स्थानीय राजपत्र

केरावारी गाउँपालिकाद्वारा प्रकाशित

खण्ड ५, संख्या ६, ११ अषाढ २०७८

## भाग-१

# केराबारी गाउँपालिकाको संघ, संस्था दर्ता ऐन २०७८

**गाउँ सभाबाट पारित मिति - २०७८/०३ /११**

**प्रस्तावनाः** यस गाउँपालिका क्षेत्र भित्र सामाजिक, आर्थिक, साहित्यिक, बैज्ञानिक, शैक्षिक, बौद्धिक, शारिरिक, धार्मिक तथा परोपकारी संस्थाहरुको स्थापना तथा दर्ता गरी सामाजिक

साँस्कृतिक रुपान्तरण गर्ने कार्यमा त्यस्ता संस्थाहरु स्थापना तथा दर्ता तथा खारेज गर्ने सम्वन्धमा व्यवस्था गर्न वाञ्छनीय भएकोले, नेपालको संविधानको धारा २२६ को उपधारा (१) ले दिएको अधिकार प्रयोग गरी केरावारी गाउँसभाले यो ऐन वनाएको हो ।

**१. संक्षिप्त नामः** (१) यस ऐनको नाम "केराबारी गाउँपालिकाको संघ, संस्था दर्ता ऐन २०७८" रहेको छ ।

(२) यो ऐन केरावारी गाउँपालिकाको राजपत्रमा प्रकाशित भएको मिति देखि लागु हुनेछ ।

**२. परिभाषाः** विषय वा परिभाषाले अर्को अर्थ नलागेमा यस ऐनमा

क) "संस्था" भन्नाले सामाजिक, धार्मिक, साहित्यकि, साँस्कृतिक, बैज्ञानिक, शैक्षिक, बौदिक सैधान्तिक, शारिरीक, आर्थिक,पर्यावरण तथा परोपकारी कार्यहरुको विकास एवं विस्तार गर्ने उदेश्यले स्थानीयस्तरमा स्थापना भएका संघ संस्था क्लब मठ मन्दीर,आमा समूह,मण्डल

परिषद अध्ययन केन्द्र आदि सम्झनुपर्छ र सो शब्दले मैत्री संघ समेतलाई जनाउछ ।

ख) "गाउँपालिका" भन्नाले केरावारी गाउँपालिकालाई सम्झनुपर्छ ।

ग) " प्रमुख" भन्नाले गाउँपालिकाको प्रमुखलाई सम्झनुपर्छ ।

घ) "कार्य समिति" भन्नाले संस्थाको विधान अनुसार गठन भएको प्रवन्ध समिति तथा तदर्थ समिति सम्झनुपर्छ ।

ङ) "तोकिएको" वा "तोकिए बमोजिम" भन्नाले यस ऐन अन्तर्गत बनेको नियम, कार्यविधि वा कार्यपालिका गाउँसभाको निर्णयमा तोकिएको वा तोकिए बमोजिम सम्झनुपर्दछ ।

च) "प्रमुख प्रशासकीय अधिकृत" गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृत वा निजको अनुपस्थितिमा निजले तोकेको अधिकृत समेत लाई जनाउँछ ।

छ) "कार्यालय" भन्नाले केरावारी गाउँ कार्यपालिकाको कार्यालय सम्झनुपर्छ ।

**३. दर्ता नगरी संस्था खोल्न नहुनेः १)** यस ऐन बमोजिम गाउँपालिकामा दर्ता नगरी कसैले पनि संस्था स्थापना गर्न हुँदैन ।

२) प्रचलित नेपाल कानून वमोजिम अन्यत्र संस्था स्थापना गरी यस गाउँपालिका क्षेत्र भित्र शाखा विस्तार गर्दा वा कार्यक्षेत्र वनाउदा यस गाउँपालिकाको पूर्व स्वीकृति लिनुपर्नेछ । स्वीकृति नलिने संस्थाहरुलाई काम गर्न रोक लगाई कानून वमोजिम कारवाही गर्न सकिनेछ ।

**४. संस्थाको दर्ताः** (१) संस्था स्थापना गर्न चाहने कुरा सात जना वा सो भन्दा बढी व्यक्तिहरुले संस्था सम्बन्धी देहायको विवरण खुलाइ संस्थाको विधानको २ प्रति र तोकिएको दस्तुर सहित गाउँ कार्यपालिकाको कार्यालय समक्ष अनुसूचि १ वमोजिम निवेदन दिनुपर्नेछ ।

क) संस्थाको नाम –

ख) उदेश्यहरु –

ग) प्रबन्ध समितिको नाम ठेगाना र पेशा –

घ) आर्थिक श्रोत –

ङ) कार्यालयको ठेगाना –

(२) उपदफा (१) अनुसार खुलेको निवेदनमा देहाय वमोजिमका कागजातहरु संलग्न भएको हुनुपर्नेछ।

क) सम्वन्धित वडा कार्यालयको सिफारिस ।

ख) कार्यसमितिका सदस्यहरुको नागरिकताको प्रमाणित प्रतिलिपि,

ग) संस्थाको प्रस्तावित विधान कार्य समितिका सदस्यद्वारा प्रमाणित-विधानको तलमाथि हस्ताक्षर भएको ।

घ) नैतिक पतनदेखिने फौजदारी अभियोगमा अदालतवाट कसुरदार नठहरीएको वा सार्वजनिक सम्पत्तिको हिनामिना दुरुपयोग नगरेको तथा स्वच्छ छवि भएको अनुसूची १ (क) वमोजिमको स्वंघोषणाको पत्र (प्रत्येक कार्यसमिति सदस्यको)

(३) उपदफा (१) बमोजिमको निवेदन प्राप्त भएपछी प्रमुख प्रशासकीय अधिकृतले आवश्यक जाँचवुझ गरी संस्था दर्ता गर्न उचित ठानेमा संस्था दर्ता गरि अनुसूची २ वमोजिमको अभिलेख राखी अनुसूचि ३ वमोजिमको दर्ताको प्रमाणपत्र दिनेछ ।

(४) प्रमुख प्रशासकीय अधिकृतले कुनै संस्था दर्ता नगर्ने निर्णय गरेमा त्यस्तो सूचना निवेदकलाई दिनुपर्नेछ र निवेदकले सूचना प्राप्त गरेको मितिले पैतिस दिन भित्र त्यस्तो निर्णय उपर गाउँपालिका प्रमुख समक्ष उजुर गर्न सक्नेछ ।

(५) उपदफा (४) बमोजिमको उजुर प्राप्त भएपछि गाउँपालिका प्रमुखले आवश्यक जाँचवुझ गरी त्यस्तो संस्था दर्ता गर्न मनासिव ठहराएमा सो संस्था दर्ता गर्ने प्रमुख प्रशासकीय अधिकृतलाई आदेश दिन सक्नेछ र त्यस्तो आदेश अनुसार प्रमुख प्रशासकीय अधिकृतले संस्था दर्ता गरिदिनु पर्नेछ ।

(६)यस दफा अन्तर्गत दिईने प्रमाणपत्रको अवधि एक आर्थिक वर्ष, नविकरण, नविकरण दस्तुर तोकिए बमोजिम हुनेछ ।

**५. संगठित संस्था मानिनेः** (१) यस ऐन अन्तर्गत दर्ता भएको प्रत्येक संस्था अविच्छिन्न उत्तराधिकारीवाला स्वासासित र संगठित संस्था हुनेछ । सो संस्थाको सबै कामको निमित्त आफ्नो एउटा छुट्टै छाँप हुनेछ ।

(२) संस्थाले व्यक्ति सरह चल अचल सम्पत्ति प्राप्त गर्न, उपभोग गर्न र वेचविखन गर्न सक्नेछ ।

(३) संस्थाले व्यक्ति सरह आफ्नो नाम बाट नालिस उजुर गर्न सक्नेछ र सो उपर पनि सोहि नामबाट उजुर लाग्नेछ ।

**६. संस्थाको सम्पत्तिः** (१) संस्थाको सदस्य वा कर्मचारी लगायत कुनै व्यक्तिले संस्थाको विधान विरुद्ध संस्थाको कुनै सम्पत्ति दुरुपयोग गरेमा, कब्जा गरेमा वा रोक्का राखेमा गाउँकार्यपालिकाले त्यस्तो सम्पत्ति दुरुपयोग गर्ने, कब्जा वा रोक्का राख्नेबाट लिई संस्थालाई फिर्ता बुझाई दिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम भएको भनि गाउँपालिकामा उजुरी परेमा गाउँपालिका प्रमुखले आवश्यक छानविन गरी
प्रतिवेदन पेश गर्न टोली गर्नुपर्नेछ ।

(३) उपदफा (२) बमोजिमको टोलीको प्रतिवेदन अध्ययन गरी गाउँपालिका प्रमुखले दोषी भएको ठहर गरेमा कार्यपालिका समक्ष उपदफा (१) वमोजिमको निर्णयका लागि पेश गर्न सक्नेछ ।

(४) उपदफा (३) बमोजिम संस्थाको सम्पत्ति फिर्ता गर्ने गरि गाउँ कार्यपालिकाले गरेको निर्णयमा चित्त नबुझ्ने व्यक्तिले कानुनी उपचारमा जान सक्नेछ ।

**७. अघि दर्ता नभइ स्थापना भएका संस्थाले दर्ता गर्नेः** यो ऐन प्रारम्भ हुन भन्दा अघि तत्काल प्रचलित कानुन बमोजिम गाउँपालिका क्षेत्रमा केन्द्रीय कार्यालय रहेका संस्था दर्ता नभई

स्थापना भई रहेका संस्थाले पनि यो ऐन प्रारम्भ भएको मितिले तीन महिना भित्र यो ऐन बमोजिम दर्ता गराउनु पर्नेछ ।

**८. अघि दर्ता भई स्थापना भएका संस्थाले दर्ता नविकरण गर्नेः**

**(१)** यो ऐन प्रारम्भ हुनुभन्दा अघि संघीय संसदवाट जारि भएको संघ संस्था दर्ता ऐन २०३४ अनुसार दर्ता भै गाउँपालिका क्षेत्रमा मुख्य कार्यालय स्थापना वा कार्यक्षेत्र रहने गरी स्थानिय स्तरमा निरन्तर संचालित संस्थाहरुले तोकिएको दस्तुर वुझाइ नविरण गरेमा यसै ऐन वमोजिम दर्ता भएको मानिनेछ ।

(२) उपदफा (१) वमोजिम नविकरणका लागि आउने संस्थालाई पुरानो दर्ता नम्वर, मिति र प्रमाण पत्र जारी गर्ने कार्यालयको अभिलेख खुलाई यसै ऐन वमोजिम नयाँ दर्ता नम्वर दिई प्रमाणपत्र जारि गर्नुपर्नेछ ।

**९. संस्थाको उद्देश्यीयहरुमा हेरफेरः** (१) संस्थाको उदेश्य हरुमा हेरफेर गर्न आवश्यक देखेमा वा सो संस्थालाई कुनै अर्को संस्था गाभ्न उचित देखेमा सो संस्थाको कार्य समितिले तत्सम्बन्धी प्रस्ताव तयार गरि सो प्रस्ताव उपर छलफल गर्न संस्थाको विधान बमोजिम साधारण सभा बोलाउनु पर्नेछ ।

(२) साधारण सभामा उपस्थित भएका जम्मा सदस्य संख्याको दुइ तिहाइ सदस्यहरुले प्रस्तावमा समर्थन जनाएमा सो प्रस्ताव साधारण सभाबाट पारित भएको मानिनेछ तर सो प्रस्ताव लागु गर्नु पुर्व त्यसको जानकारी सहित प्रमाणित कपि पेश गरी गाउँपालिका प्रमुखको पूर्व स्वीकृति लिनुपर्नेछ ।

**१०. हिसाबको विवरण पठाउनु पर्नेः** (१) कार्य समितिले सामाजिक परिक्षण र लेखा परिक्षण गरि आफ्नो संस्थाको हिसावको विवरण, लेखा परिक्षण प्रतिवेदन प्रत्येक वर्ष नविकरण गर्दाको वखत सम्वन्धि वडाको सिफारिस सहित गाउँपालिकालाई वुझाउनु पर्नेछ ।

(२) उपदफा (१) वमोजिमको लेखा परिक्षणको हिसाब आफूले नियुक्ति गरेको कुनै अधिकृत वा पदाधिकारी द्वारा जाँच गराउन सक्नेछ ।

**११. हिसाब जाँच गर्नेः** (१) गाउँपालिकाले आवश्यक देखेमा संस्थाको हिसाब आफूले नियुक्ति गरेको कुनै अधिकृत वा पदाधिकारी व्दारा जाँच गराउन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम हिसाव जाँच गराए वापत गाउँपालिकाले हिसाब जाँच बाट देखिन आएको संस्थाको

मौज्दात रकमको सयकडा पाँच प्रतिशत नबढाई आफुले निर्धारित गरेको दस्तुर असुल गरि लिन सक्नेछ ।

(३) हिसाब जाँच गर्ने अधिकृतले मागेको विवरण तथा कागजपत्रहरु वा सोधेको प्रश्नको जवाफ दिनु संस्थाको पदाधिकारी, सदस्य र कर्मचारीको कर्तब्य हुनेछ ।

(४) हिसाव जाँच गर्ने अधिकृतले गाउँपालिका अध्यक्षको आदेशानुसार गाउँ कार्यपालिकाको आगामी वैठकमा हिसाब जाँचको प्रतिवेदन कार्यपालिका समक्ष पेश गर्नुपर्नेछ र सो प्रतिवेदनको आधारमा संस्थाको कुनै सम्पत्ति सो संस्थाको कुनै पदाधिकारी वा सदस्य वा कर्मचारीले हिनामिना, नोक्सान दुरुपयोग गरेको छ भन्ने कार्यपालिका लाई लागेमा त्यस्तो पदाधिकारी, सदस्य वा कर्मचारी बाट सो हानि नोक्सानी असुल गर्न प्रचलित कानुन बमोजिम कारबाहि चलाउन सक्नेछ ।

तर प्रचलित कानुनले सजाय समेत हुने अपराध भएकोमा प्रचलित कानुन वमोजिम मुद्दा चलाउन लगाउनुपर्नेछ ।

१२. **निर्देशन दिने-** केरावारी गाउँपालिकाले गाउँपालिकामा दर्तामा रहि संचालित संस्थालाई आवश्यक निर्देशन दिन सक्नेछ र त्यस्तो निर्देशनको पालना गर्नु सम्वन्धित संसथाको कर्तव्य हुनेछ ।

**१३. दण्ड र सजाय**-(१) दफा ३ वमोजिम दर्ता नगराई संस्था स्थापना गरेमा वा दफा ७ र ८ वमोजिम दर्ता नगरि संस्था संचालन गरेमा प्रमुख प्रशासकीय अधिकृतलाई दण्ड सजायको सिफारिस गर्न देहाय वमोजिमको दण्ड जरिवाना सिफारिस समिति गठन गरि त्यस्तो संस्थाको कार्यसमिति सदस्यहरुलाई जनही पाँच हजार रुपैयासम्म जरिवाना गर्न सक्नेछ ।

**क.** सुशासन तथा सार्वजनिक क्षमता विकास समिति संयोजक संयोजक

**ख.** सामाजिक विकास समिति संयोजक सदस्य

**ग.** सामाजिक विकास शाखा प्रमुख सदस्य

**घ** प्रशासन शाखा प्रमुख सदस्य सचिव

२) दफा (९) वमोजिम हिसावको विवरण नपठाएमा वा पठाइएको विवरण झुठा ठहर भएमा कार्यसमितिका सदस्यहरुलाई प्रमुख प्रशासकीय अधिकृतले जनही तीन हजार रुपैयासम्म जरिवाना गर्न सक्नेछ । यध्यपी समितिको कुनै सदस्यले दफा (९) वमोजिमको प्रावधान उलंघन हुन नदिन सकभर प्रयत्न गरेको थियो भन्ने सन्षोष जनक प्रमाण पेश गर्न सकेमा निजलाई सजाय गर्न पाउने छैन ।

३) दफा (१०) को उपदफा ३ वमोजिम हिसाव जाँच गर्ने सम्वन्धित अधिकृत वा पदाधिकारीले मागेको विवरण तथा कागजपत्रहरु वा सोधेको  प्रश्नको उत्तर नदिने सम्वन्धित पदाधिकारी सदस्य वा कर्मचारीलाई प्रमुख प्रशासकीय अधिकृतले एक हजार रुपैया सम्म जरिवाना गर्न सक्नेछ ।

४) दफा ८ वमोजिम कार्यपालिकाको स्वीकृति नलिई संस्थाको उदेश्यमा हेरफर गरेमा वा अर्को संस्थासँग गाभेमा वा संस्थाले आफ्नो उदेश्यको प्रतिफल हुने गरि काम कार्वाही गरेमा वा गाउँपालिकाको निर्देशन पालना नगरेमा गाउँ कार्यपालिकाले त्यस्तो संस्थाको दर्ता निलम्वन वा खारेजको निर्णय गर्न सक्नेछ ।

**१४**) पुनरावलोकनः दफा १२ वमोजिम प्रमुख प्रशासकीय अधिकृतले गरेको अन्तिम निर्णय उपर ३५ दिन भित्र तोकिएको अदालतमा पुनरावेदन गर्नसक्नेछ ।

**१५)** संस्थाको विगठन र त्यसको परिणामः १) संस्थाको विधान वमोजिम कार्य संचालन गर्न नसकी वा अन्य कुनै कारणवस संस्था विघठन भएमा त्यस्तो संस्थाको जायजेथा कार्यपालिकामा सर्नेछ ।

२) उपदफा १ वमोजिम विघठन भएको संस्थाको दायित्वको हकमा सो संस्थाको जायजेथाले थामे सम्म यस्तो दायित्व गाउँ कार्यपालिकाले व्यहोर्नेछ ।

**१६)** नियम वनाउने अधिकारीः यस ऐनको उदेश्य कार्यान्वयन गर्न गाउँकार्यपालिकाले नियम/कार्यविधि वनाउन सक्नेछ ।

**१७)** अधिकार प्रत्यायोजनः यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम वमोजिम प्राप्त अधिकारहरु मध्ये सवै वा कुनै अधिकार कार्यपालिकाले कुनै पदाधिकारी वा कुनै अधिकृतस्तरको कर्मचारीलाई प्रत्यायोजन गर्न सक्नेछ ।

**१८) अन्य नेपाल ऐन वमोजिम दर्ता वा स्थापना** : कुनै संस्थाको दर्ता वा स्थापना गर्ने सम्वन्धमा अर्को नेपाल ऐनमा छुट्टै व्यवस्था भएकोमा यस ऐनमा अन्यन्त्र जुनसुकै कुरा लेखिएको भएतापनि त्यस्तो संस्था सोही ऐन वमोजिम दर्ता वा स्थापना गर्नुपर्नेछ ।

**१९) खारेजी र वचाउः** (१) संघीय वा प्रादेशिक व्यवस्थापिकाले निर्माण गरेको कानुन विपरित भएका दफा सोही अनुसार परिमार्जन हुनेछन ।

## अनुसूची १

## (दफा ४ को उपदफा १ सँग सम्वन्धित)

निवेदनको ढाँचा

श्रीमान प्रमुख प्रशासकीय अधिकृतज्यू ।
केरावारी गाउँपालिकाको कार्यालय
केरावारी मोरङ

विषयः संस्था दर्ता सम्वन्धमा ।

प्रस्तुत विषयमा केरावारी गाउँपालिकाको वडा नं. ........को ............................टोलमा स्थापना गरिएको ........................................... संस्थालाई केराबारी गाउँपालिकाको कार्यालयमा दर्ता/सुचिकृत गरिदिनुहुन तपसिल वमोजिम संलग्न राखि पेश गरेको छु ।

...................
अध्यक्ष

प्रस्तावित संस्थाको नाम

क. कार्यमिति सदस्ष्यहरुको खिचेको पासपोर्ट तथा नाम र ठेगाना

ख. कार्यसमितिका सदस्या नागरिकताको फोटोकपी ।

ग. कार्समितिमा रहने पदाधिकारीहरुको नागरिकता प्रमाणपत्रको प्रतिलिपि

घ. संस्थाको प्रमाणित विधान २ प्रति

अनुसूचि १ (क)

(दफा ४ (१) सँग सम्बन्धित)

**स्व-घोषणापत्र**

प्रस्तावित श्री ..............................सस्था दर्ता गर्न दरखास्त दिने हामी तपसील वमोजिमका आवेदकहरुले प्रचलित कानुन सम्मत संस्था स्थापना गरी आफ्नो गाउँसमाजको सामाजिक उत्थान पर्यावरण तथा परोपकारी कार्यहरुको विकास एंव विस्तार गर्ने प्रयोजन वाहेक अन्य कुनै व्यक्तिगत स्वार्थ वा कारण नभएको तथा प्रस्तावित संस्थाको संचालक समितिको पदाधिकारीमा रहेर कार्य गर्न प्रचलित कानुन वमोजिम अयोग्य नरहेको व्यहोरा स्व-घोषणा गर्दछौ ।

उपर्युक्त व्यहोरा ठिक साँचो हो झूठा ठहरे कानुन वमोजिम सहूँला वुझौता भनी सही छाँप गर्ने

| सि.न. | समिति पदाधिकारीको नाम | नागरिक प्र.प्र.न र जारी मिति/जिल्ला | हालको ठेगाना र सम्पर्क नं. | हस्ताक्षर |
|---|---|---|---|---|
| १ | | | | |
| २ | | | | |
| ३ | | | | |
| ४ | | | | |

# अनुसूची-२

## (दफा ४ (३) सँग सम्बन्धित)

## संस्थाको दर्ता किताव

| **दर्ता नं.** | **दर्ता मिति** | | | **संस्थाको नाम र ठेगाना** | **संस्थाको उदेश्य** | **संस्थाको पदाधिकारी एवं सदस्यहरुको नाम र ठेगाना तथा सहिछाप** | **प्रमाणित गर्ने** | **कैफियत** |
|---|---|---|---|---|---|---|---|---|
| | **साल** | **महिना** | **गते** | | | | | |
| | | | | | | | | |

अनुसूची-३

(दफा ४ (३) सँग सम्बन्धित)

केरावारी गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय,

केरावारी मोरङ प्रदेश नं. १,

नेपाल

दर्ता नं दर्ता मिति

## संस्था दर्ता प्रमाण-पत्र

केरावारी गाउँपालिकाको संघ, संस्था दर्ता ऐन, २०७८ को दफा (४) बमोजिम

श्री........................................को...........................

........................................ नामक विधान २०७८ प्रमाणित साथै .................................. गते यस कार्यालयमा दर्ता गरी यो दर्ता प्रमाणपत्र प्रदान गरिएको छ ।

संस्थाको नामः

ठेगानाः

मुख्य उदेश्यः

**<u>प्रमाणिकरण गर्नेको :</u>** दस्तखत :

नाम थर :...................

दर्जा : प्रमुख प्रशासकीय अधिकृत

मिति : ..........................

कार्यालयको छाँप :

(पुनस्चः संस्था दर्ता ऐन २०३४ अनुसार दर्ता गर्नुपर्ने देखिए/भए सोही ऐन अनुसार दर्ता गरिन पर्नेगरी यस कार्यालयमा यस संस्था दर्ता गरी दर्ता प्रमाणपत्र जारी गरिएको )

## नवीकरण विवरण

| नवीकरण मिति | दर्ताको प्रमाण पत्र वहाल रहने अवधी | नवीकरण दस्तुर | नविकरण अधिकारीको दस्तखत | कैफियत |
|---|---|---|---|---|
| | | | | |
| | | | | |

आज्ञाले,

होम प्रसाद पौडेल

प्रमुख प्रशासकीय अधिकृत